आज मिति २०७७।०५।२१ गतेका दिन यस धवलागिरी गाउँ-पालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा तपशिल बमोजिमको उपस्थितिमा देहायबमोजिमका निर्णयहरु गरियो ।

<u>तपशिल</u>

१. श्री थमसरा पुन - अध्यक्ष
२. श्री रेशम छन्त्याल - उपाध्यक्ष
३. श्री झक बहादुर छन्त्याल - वडा नं १ अध्यक्ष
४. श्री जम प्रसाद वि.क. - " " २ "
५. श्री पुर्ने पुन - " " ३ "
६. श्री मेग प्रसाद घर्ती - " " ४ "
७. श्री खड्ग कुमारी छन्त्याल - " " ५ "
८. श्री राजाराम उपाध्याय - " " ६ "
९. श्री कलानिधि शर्मा - " " ७ "
१०. श्री बाल कुमारी शर्मा सुनार - कार्यपालिका सदस्य
११. श्री देउ प्रसाद छन्त्याल - " "
१२. श्री राम बहादुर वि.क. - " "
१३. श्री सुवा देवी पुर्जा - " "
१४. श्री किनमाया घर्ती - " "
१५. श्री तिल कुमारी बेसी - " "
१६. श्री गोपाल शर्मा - प्रमुख प्रशासकिय अधिकृत

<u>प्रस्तावहरु</u>

~~१. करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा~~
१. प्रकोप व्यवस्थापनका क्रममा भएको खर्च सम्बन्धमा ।
२. कार्यदललाई प्रतिवेदन पेश गर्न निर्देशन सम्बन्धमा
३. स्वास्थ्यका रिक्त दरबन्दीमा करारमा नियुक्ति सम्बन्धमा ।
४. कर्मचारीको सरुवा सहमति सम्बन्धमा ।
५. खरिद प्रक्रिया अगाडि बढाउने सम्बन्धमा ।
६. आईसोलेसन र क्वारेन्टाईन स्थापना गर्ने सम्बन्धमा
७. भेडापालक कृषकलाई राहत उपलब्ध गराउने सम्बन्धमा ।
८. प्रहरी चौकीको जग्गा व्यवस्थापन सम्बन्धमा ।
९. गाउँपालिका द्वारा व्यवस्थापन गरिएका स्वास्थ्यका कर्मचारीको तलब भत्ता सम्बन्धमा ।
१०. जस्तापाता खरिद र ढुवानीको रकम भुक्तानी सम्बन्धमा

निर्णयहरु :

१

निर्णय नं. १. प्रस्ताव नं. १ उपर छलफल गर्दा जनविकास मावि मराङमा पहिरो व्यवस्थापनका लागि आ.व. २०७६।०७७ मा तारखाली कुन्ने तालिम शिर्षक बाट दिइएको रु. २,००,०००।- (अक्षरुपी दुइ लाख मात्र) भुक्तानी आगामी गाउँसभामा अनुमोदनका लागि पेश गर्ने गरी अनुमोदन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २ उपर व्यापक छलफल गर्दा धवलागिरी गा.पा अन्तर्गतका विभिन्न वडाहरुमा यहि मिति २०७७।०३।२५ र २८ गते भएको पहिरोका कारण भएको क्षतिको यथार्थ विवरण पेश गर्ने गरी मिति २०७७।० गतेको दिन कार्यपालिकाको निर्णयबाट गठन गरिएको कार्यदललाई ७ दिनभित्र क्षतिको यथार्थ विवरण सहितको प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्था र सामुदायिक स्वास्थ्य केन्द्रहरुमा स्वीकृत दरबन्दीमा रिक्त रहेकोले करारमा कर्मचारी नियुक्तिको आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँपालिका मा कार्यरत कर्मचारीहरु सरुवा भई जान सहमतिका लागि कार्यालयमा निवेदन दर्ता गरेकोले यस कार्यालयमा कार्यरत अधिकृत स्तर छैटौं कर्मचारी कृष्ण प्रसाद सुवेदी (लेखा) लाई सरुवा भई जान र कालीगण्डकी गाउँपालिकामा कार्यरत डोलराज बस्याल (सहायक पाँचौं, लेखा) लाई सरुवा भई आउन सहमति प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा संघीय सरकार बाट विशेष अनुदान बापत प्राप्त रु. १,२५,००,०००।- (लुलाङ खानेपानी योजना) टेण्डर प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६ प्रस्ताव नं ६ उपर छलफल गर्दा जिल्लास्तरीय कोभिड-१९ रोकथाम तथा नियन्त्रण समितिको निर्णय बमोजिम यस गाउँपालिकाको वडा नं. ३ घट्टेखोला स्थित सामुदायिक भवनमा १५ शैयाको आइसोलेसन र ७ वटै वडामा गरी जम्मा ५० शैयाको क्वारेन्टाईन स्थलको निर्माण गर्ने साथै आइसोलेसन र क्वारेन्टाईन स्थापनाका लागि आवश्यक सामग्रीहरुको खरिद का लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा को (उपदफा) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम को उपनियम बमोजिमको प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ७. प्रस्ताव नं ७ उपर व्यापक छलफल गर्दा यस धवलागिरी गा.पा वडा नं. ५, मल्वाङ स्थायी ठेगाना भएका हर्क प्रसाद छन्त्यालको नाति हस्त सिं छन्त्यालको छोरा हिम बहादुर छन्त्यालले सञ्चालन गरेको भेडा बाख्रा फर्ममा मिति २०७७/०५/०९ गते राती आएको वर्षा र हुरीसँगैको चट्याङले करिब ४८ वटा भेडा बाख्राको मृत्यू भएको वडा कार्यालयको मुचुल्काबाट देखिएकोले निजलाई राहत स्वरुप रु.७०,०००।- (अक्षरुपी सत्तरी हजार मात्र) अन्य संस्था सहायताशीर्षकबाट खर्च लेख्ने गरी भुक्तानी दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको च.नं. १४१ मिति २०७७/०५/१२ गतेको पत्र र प्रहरी संचार को क.सं. २३५८ मिति बमोजिम माग गरिएबमोजिम को प्रहरी चौकि स्थापनाका लागि जग्गा व्यवस्थापनका लागि वडा नं. ३ का वडाध्यक्ष श्री पुर्ण पुन लाई जिम्मेवारी दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ९. प्रस्ताव नं. ९ उपर छलफल गर्दा गाउँपालिका द्वारा व्यवस्थापन गरिएका तपशिलमा उल्लेखित कर्मचारीको मासिक तलब आ.व. २०७७/०७८ को श्रावण महिनादेखि लागू हुने गरी रु.२०,०००।- (अक्षरुपी बिस हजार मात्र) बनाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

<u>तपशिल</u>

१. जगा देवी - नगर
२. वासुदेव आचार्य - ताकम
३. रिना [illegible] - अरवाङ
४. जुनेली भण्डारी - मुना

प्रमुख प्रशासकीय अधिकृत

५. भगवति साप्कोटा - खिवाड.

निर्णय नं. १०. प्रस्ताव नं. १० उपर व्यापक छलफल गर्दा धवलागिरी गाउँपालिका वडा नं. ६ मा यही मिति २०७६।०३।२५ र २६ गते गएको पहिरोका कारण विस्थापित हरुको अस्थाई टहरा निर्माण का लागि खरिद गरिएको त्रिपालको खर्च रु. ४९०,२००।- र हेलिकप्टर ढुवानीको खर्च रु. ३,९०,६००।- (अक्षरुपी तिन लाख नब्बे हजार छ सय मात्र गरी जम्मा रु. ८,८०,८००।- (अक्षरुपी आठ लाख असी हजार आठ सय मात्र) विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधि